काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८७ ❐ बुधवार, १३ साउन, २०८३ ❐ Wednesday, 29 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

प्रधानमन्त्री बालेनलाई भारत भ्रमणको निम्तो

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १२ साउन

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)लाई भारत भ्रमणको निम्तो आएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रन्धिर जैसवालले प्रधानमन्त्री शाहलाई भारत भ्रमणका लागि निम्तो दिइएको जानकारी दिएका छन्। भारतीय विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा मंगलबार सञ्चारकर्मीले सोधेको प्रश्नमा प्रवक्ता जैसवालले नेपालका प्रधानमन्त्रीलाई भ्रमणको निम्तो पठाइएको बताए।

'हो, नेपालका प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो पठाइएको छ', उनले भने। नेपालले भने यसबारे कुनै जानकारी नदिए पनि उपयुक्त समयमा भ्रमण हुने अधिकारीहरूले बताउँदै आएका छन्। सरकार बनेको पाँच महिना पुग लाग्दासम्म प्रधानमन्त्री शाहले कुनै देशको पनि भ्रमण गरेका छैनन्। भारतको भ्रमण गर्ने चर्चा परराष्ट्रमन्त्री शिशिर खनाल तीन महिनाअगाडि मौरिसस जाँदै चर्चा भएको थियो। मौरिससमा भएको भारतीय समकक्षी एस जयशंकरसँगको कुराकानीमा प्रधानमन्त्री शाहलाई भारत भ्रमणको निम्तो आएको बताइएको थियो। तर, निम्तो आएको सय दिन कट्दा पनि शाहको भारत भ्रमण भएको छैन। प्रधानमन्त्री शाहको भारत भ्रमण नभएता पनि सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको भने भारत भ्रमण भइसकेको छ। लामिछानेले गत जेठ १८ गतेबाट पाँच दिने भारत भ्रमणमा गएका थिए। उनलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीदेखि परराष्ट्रमन्त्री जयशंकरसम्मले भेटेका थिए। यसअगाडिका भ्रमणमा भन्दा पृथक देखिनेगरी भारतका गृहमन्त्री अमित शाहसँग पनि लामिछानेको भेट भएको थियो।

केन्द्रको सत्ता समीकरणको पहिलो परीक्षा :

मंगलबहादुर कर्णालीका पाँचौं मुख्यमन्त्री

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १२ साउन

केन्द्रमा बनेको नयाँ सत्ता समीकरणको प्रत्यक्ष प्रभाव कर्णाली प्रदेशमा देखिएको छ। नेकपा र नेकपा एमालेबीच भएको राजनीतिक समझदारीअनुसार नेकपा संसदीय दलका नेता मंगलबहादुर शाही कर्णाली प्रदेशको पाँचौं मुख्यमन्त्री नियुक्त भएका छन्।

प्रदेश प्रमुख यज्ञराज जोशीले मंगलबार साँझ नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम शाहीलाई मुख्यमन्त्री नियुक्त गरेका हुन्। उनको शपथग्रहण बुधबार हुने प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

शाहीले मंगलबार साँझ प्रदेश प्रमुखसमक्ष दुई दलको बहुमत समर्थनसहित सरकार गठनको दाबी पेस गरेका थिए। प्रदेश प्रमुखको कार्यालयका अनुसार उनले आफ्नै दलका १४ र सत्ता साझेदार नेकपा एमालेका १० गरी २४ जना प्रदेशसभा सदस्यको समर्थनसहित दाबी प्रस्तुत गरेका हुन्। ४० सदस्यीय कर्णाली प्रदेशसभामा सरकार गठनका लागि २१ सदस्यको बहुमत आवश्यक पर्छ। दाबी पेसका क्रममा एमालेका प्रमुख सचेतक टेकराज पछाई उपस्थित थिए, भने समर्थनपत्रमा एमाले संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री यामलाल कँडेलको हस्ताक्षर रहेको थियो।

संविधानको धारा १६८ (२) मा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त प्रदेशसभा सदस्य मुख्यमन्त्री नियुक्त हुन सक्ने व्यवस्था छ। यही संवैधानिक बाँकी पृष्ठ २



केन्द्रको सहमतिले खोल्यो बाटो

कर्णालीको सत्ता परिवर्तनलाई प्रदेशको सामान्य राजनीतिक फेरबदलभन्दा बढी केन्द्रमा बनेको नयाँ गठबन्धनको कार्यान्वयनका रूपमा हेरिएको छ। संघीय सरकारमा नेकपा-एमालेबीच भएको समझदारीअनुसार कर्णाली प्रदेशको नेतृत्व नेकपालाई दिने निर्णय भएपछि शाही मुख्यमन्त्री बन्ने बाटो खुलेको हो।

तर सत्ता हस्तान्तरणको प्रक्रिया सहज भने रहेन। मुख्यमन्त्रीको दाबीअघि दुबै दलका प्रदेश संसदीय नेताबीच पटक-पटक छलफल भए पनि अन्तिम सहमति जुट्न केही समय लागेको थियो। यस अवधिमा दुबै नेताले काठमाडौंमा रहेर पार्टीका शीर्ष नेतृत्वसँग परामर्श गरेका थिए।

राजनीतिक स्रोतका अनुसार शाहीले नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'सँग सरकार गठन, मन्त्रालयको बाँडफाँट, साझा कार्यक्रम र सत्ता सञ्चालनका विषयमा विस्तृत छलफल गरेका थिए। त्यसपछि मात्र प्रदेशमा सरकार गठनको प्रक्रिया अन्तिम चरणमा पुगेको थियो।

तर केन्द्रीय सहमतिअनुसार एमालेले शाहीलाई समर्थन गरे पनि प्रदेश तहमा भने त्यसप्रति केही असन्तुष्टि देखिएको छ। एमालेका केही नेताले आफ्नो नेतृत्वको सरकार ढलेको केही समयमै पुनः नेकपालाई सत्ता हस्तान्तरण गर्नुपरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

एमाले स्रोतका अनुसार निवर्तमान मुख्यमन्त्री यामलाल कँडेल पनि सत्ता परिवर्तनको प्रक्रियाप्रति पूर्णतः सन्तुष्ट थिएनन्। तर केन्द्रको निर्णय कार्यान्वयन गर्नु पार्टीका लागि बाध्यकारी बनेपछि एमालेले अन्ततः समर्थन जनाएको हो।

यता नेकपा प्रदेश नेतृत्वले भने केन्द्रको सहमतिअनुसार गठबन्धन दलबीच सहकार्यलाई अघि बढाइएको र सरकार स्थायित्व तथा विकासलाई प्राथमिकतामा राखिने जनाएको छ।

काँधमा नयाँ जिम्मेवारी

मंगलबहादुर शाही मुगु प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर-२ बाट तत्कालीन नेकपा माओवादी केन्द्रको तर्फबाट निर्वाचित भएका थिए। उनी यसअघि कर्णाली प्रदेश सरकारमा भौतिक पूर्वाधार तथा सहकारी विकास मन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्।

प्रदेशका दुर्गम जिल्लामा सडक, पूर्वाधार तथा विकास आयोजनाको अनुभवका कारण उनी प्रशासनिक र राजनीतिक दुवै दृष्टिले अनुभवी नेताका रूपमा चिनिन्छन्। मुख्यमन्त्री नियुक्तिसँगै शाहीको पहिलो प्राथमिकता मन्त्रिपरिषद् विस्तार हुनेछ। त्यससँगै मन्त्रालयको भागबन्डा, साझा न्यूनतम कार्यक्रम तय गर्नु, गठबन्धनभित्र शक्ति सन्तुलन कायम राख्नु र बजेट कार्यान्वयनलाई गति दिनु उनको नेतृत्वको सरकारका तत्कालीन चुनौती हुनेछन्। कर्णालीमा विगत केही वर्षदेखि सरकार परिवर्तनको श्रृंखला दोहोरिँदै आएको छ। बारम्बारको सत्ता फेरबदलले विकास आयोजना, बजेट कार्यान्वयन र प्रशासनिक स्थायित्वमा असर परेको भन्दै आलोचना हुने गरेको छ। यस्तो अवस्थामा नयाँ सरकारले राजनीतिक स्थायित्व कायम राख्दै सेवा प्रवाह, पूर्वाधार विकास, रोजगारी सिर्जना र सुशासनमा परिणाम देखाउनुपर्ने दबाब बढेको छ। कर्णालीमा बनेको नयाँ सरकारलाई केन्द्रको सत्ता समीकरण कार्यान्वयनको पहिलो प्रदेशस्तरीय परीक्षा मानिएको छ। अब नेकपा-एमाले सहकार्य कति दीर्घकालीन हुन्छ, सरकार कति स्थिर रहन्छ र विकासका प्राथमिकता व्यवहारमा कति प्रभावकारी रूपमा अघि बढ्छन् भन्ने विषयले आगामी दिनमा कर्णालीको राजनीतिक दिशा निर्धारण गर्नेछ।

गुरूहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सुत्केरी बिदा ६ महिना बनाउने सरकारको प्रस्ताव, निजीक्षेत्रका जागिरेले पनि पाउने !

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १२ साउन

सरकारले सुत्केरी बिदा ९८ दिनबाट बढाएर ६ महिना दिने तयारी गरेको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा यस्तो प्रस्ताव गरिएको हो। सुत्केरी बिदा थप तीन महिना बढाएर ६ महिनाको बनाउने गरी प्रस्ताव गरिएको यो विधेयक स्वास्थ्य मन्त्रालयले पारित गरी सर्वसाधरणको राय र सुझावका लागि सार्वजनिक गरिएको छ।

अब यो विधेयक पारित भएमा सरकारी कार्यालयमा मात्र नभई निजी संस्थामा कार्यरत महिला



कर्मचारीले समेत सुत्केरी बिदा ६ महिनाको पाउनेछन्। श्रम नियमावलीमा भएको व्यवस्थाअनुसार अहिले नेपालमा महिला कर्मचारीलाई सुत्केरी हुनुअघि वा पछि ९० दिनसम्मको तलबसहितको बिदा दिइँदै आएको छ। साथै, पुरुषहरूले समेत तलब भत्तासहित १५ दिन सुत्केरी स्याहार बिदा पाउँदै आएका छन्।

यसका साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १३ को उपदफा ३ मा बच्चा दुई वर्षको नहुँदासम्म कार्यालय समयमा बच्चालाई दूध खुवाउनको लागि दैनिक आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्थासमेत रहेको छ।

कम्पनी ऐनको दफा ६ को उपदफा ११ ले समेत कानुनमा उल्लेख भएअनुसार सुत्केरी बिदा दिने व्यवस्था गरेको छ। यसका साथै ऐनको दफा १४ ले अतिरिक्त बिदा दिनुपर्ने व्यवस्थासमेत गरेको छ। दफा १४ मा भनिएको छ, 'सरकारी, गैरसरकारी वा निजी संघ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई विशेषज्ञ चिकित्सकको रायबमोजिम प्रजनन स्वास्थ्य रुग्णताको कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा त्यस्तो शल्यक्रिया हुनुअघि वा पछि कम्तीमा ३० दिनसम्मको तलबसहितको अतिरिक्त बिदा दिनु पर्नेछ।'

छिमेकी देश भारतमा पनि महिला कर्मचारीलाई तलबसहित २६ हप्ता सुत्केरी बिदा दिने प्रावधान रहेको छ। २६ हप्तामध्ये ८ हप्ता सुत्केरी हुनुअघि नै बिदा बस्न पाउने बाँकी पृष्ठ २

सम्पादकीय

कारण फेरिन्छन्, कमजोरी उस्तै

प्रदेश सरकार गठन भएको करिब एक दशक पुग्न लाग्दा पनि कर्णाली प्रदेशको बजेट कार्यान्वयन सन्तोषजनक बन्न सकेको छैन । पहिलो आर्थिक वर्ष २०७४/७५ प्रदेश संरचना निर्माणकै क्रममा अन्तिम चार महिनाका लागि मात्रै बजेट ल्याइएकाले त्यसलाई अपवाद मान्न सकिएला । तर त्यसपछिका आठ आर्थिक वर्षको तथ्यांकले भने एउटै यथार्थ देखाउँछ, प्रदेश सरकारले कुनै पनि वर्ष बजेटको दुईतिहाइ खर्च गर्न सकेको छैन । आर्थिक वर्ष २०७७/७८ मा हालसम्मकै उच्च ६५.५२ प्रतिशत बजेट खर्च भएको थियो । त्यसयता खर्च क्षमता फेरि ओरालो लागेको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा ३३ अर्ब १९ करोड रूपैयाँको बजेटमध्ये २० अर्ब ५७ करोड रूपैयाँ अर्थात् ६१.९७ प्रतिशत मात्रै खर्च भएको छ । करिब १२ अर्ब ६२ करोड रूपैयाँ खर्च हुन नसकी सञ्चित कोषमा फिर्ता जानु आफैंमा प्रदेशको कार्यसम्पादनमाथि गम्भीर प्रश्न उठाउने विषय हो ।

कर्णालीमा समस्या बजेट खर्च प्रतिशतको मात्रै होइन, खर्चको गुणस्तर र प्राथमिकताको पनि हो । विकाससँग प्रत्यक्ष जोडिएको पुँजीगत बजेटको खर्च ५५.७४ प्रतिशतमा सीमित हुँदा चालुतर्फ भने ७३.४८ प्रतिशत खर्च भएको छ । अझ सबैभन्दा ठूलो बजेट भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले आधाभन्दा कम अर्थात् ४९.२० प्रतिशत मात्रै बजेट खर्च गर्न सक्नु र सयौं योजनामध्ये सीमित योजनामात्र सम्पन्न हुनु चिन्ताको विषय हो । हरेक वर्ष सरकारसँग खर्च नहुनुका नयाँ-नयाँ कारण छन् । सुरूआती वर्षमा संरचना निर्माण, त्यसपछि कोरोना महामारी, प्राविधिक कर्मचारी अभाव, अख्तियारी ढिलाइ, स्रोत सुनिश्चितितामा समस्या, ठेक्का प्रक्रियाको जटिलता, संघसँग समन्वयको कमी, निर्माण सामग्री अभाव, आन्दोलन, सरकार परिवर्तनको चर्चा, निर्वाचन–यस्ता कारणहरूको सूची लामो छ । तर कारणहरू वर्षेनि फेरिए पनि परिणाम भने उही छ ।

प्रदेशमा अझै पनि ठूलो संख्यामा कर्मचारी पद रिक्त छन् भने प्राविधिक जनशक्तिको अभाव झन् गम्भीर छ । तर कर्मचारी अभावलाई मात्र दोष दिएर सरकार उम्किन सक्दैन । बजेट खर्च नै हुन नसक्दा सडक, खानेपानी, सिँचाइ, ऊर्जा, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत पूर्वाधार तथा सेवामा सुधारको अपेक्षा अधुरै रहन्छ । विकासका नाममा बजेट विनियोजन गर्ने तर त्यसलाई कार्यान्वयन गर्न नसक्ने प्रवृत्तिले प्रदेश सरकारप्रतिको जनविश्वास पनि कमजोर बनाइरहेको छ । अब प्रत्येक वर्ष नयाँ बहाना खोज्ने होइन, पुराना कमजोरी सच्याउने समय आएको छ । प्रदेश स्थापना भएको करिब नौ वर्षपछि पनि खर्च क्षमता ६० प्रतिशतकै हाराहारीमा सीमित रहनु सामान्य प्रशासनिक कमजोरी होइन, यो नीति, योजना र कार्यान्वयन प्रणालीको संरचनागत असफलताको संकेत हो । जबसम्म सरकार कारणभन्दा समाधानमा केन्द्रित हुँदैन, तबसम्म हरेक वर्ष बहाना फेरिनेछन्, तर बजेट कार्यान्वयनको कमजोर इतिहास दोहोरिइरहनेछ ।

जनताको सार्वभौमिकता र स्थानीय सरकारको प्रश्न



✍ बालकृष्ण माबुहाङ

नेपालका विभिन्न आदिवासीजनजाति समुदायहरूमा सुशासनका लागि आ-आफ्नै संगठनहरू छन् । विशेषतः पश्चिम नेपालका थारू समुदायमा तिनको प्रयोग अहिले पनि जीवन्त छ । सशस्त्र द्वन्द्वको समयमा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका थारू गाउँ/बस्तीमा भने बर्सेनि जनप्रतिनिधि चुनिन्थे, बडघरका रूपमा । थारू गाउँको अगुवालाई दाङमा महतवा, देउखुरीमा बडघर तथा मान्जन र बर्दिया, कैलाली, कञ्चनपुरतिर बडघर वा बलमन्सा भन्ने गरिन्छ (नेपाल, १ चैत्र २०७२) । पर्वते कुराको गाउँठाउँलाई संस्कृतमा स्थान भनिन्छ । गाउँठाउँ विशेषका मानिस, ज्ञान, प्रविधि, वस्तुलाई स्थानीय मानिस, स्थानीय ज्ञान, स्थानीय प्रविधि, स्थानीय वस्तु भनिन्छ । त्यसरी नै स्थान विशेषको राजनीति वा सरकारलाई स्थानीय राजनीति वा स्थानीय सरकार भनिनुपर्ने हो । मानव ज्ञान, सीप र प्रविधिको कुरा गर्दा स्थानीय तथा आदिवासीय ज्ञान, सीप, र प्रविधिको महत्व धेरै छ, जुन राज्यका विधान वा संविधानले चिन्दैन । हिजो, अस्ति मात्र सिक्किम विश्वविद्यालयका उपकुलपति प्राध्यापक टंक सुब्बाले महेशचन्द्र लेक्चर सेरिजमा दिएको सारगर्वित मनतव्यको सुरुदेखि अन्त्यसम्म समाज विज्ञानको अ-औपनिवेशिक ज्ञानमिमाङ्सको चर्चा गर्दा स्थानीय तथा आदिवासीय ज्ञानको सन्दर्भ दर्जनौंपटक लिएको बुझनुपर्छ । राज्य राजा-महाराजाको अधीनमा हुञ्जेल सर्वसाधारणले राज्य भनेको राजा-महाराजा बुझ्दथे । त्यस कारण राज्यको तल्ला एकाइलाई स्थानीय निकाय वा तह भन्ने गरिन्थ्यो । निकाय वा तह भन्नाले कुनै बडे-बडे संरचनाको कुनै एकाइ वा तह बुझिन्छ । तर, सरकार भन्नासाथ कसैको अधीनबेगर आफ्नै स्वाधीन शासन सत्ताको अर्थ बोक्छ ।

अझ प्रस्ट रूपमा भन्नुपर्दा हिजो लिच्छविकालीन, मल्ल, राणा, पञ्चायतकालमा स्थानीय एकाइ वा तह भनेर देख्यौं, बुझ्यौं । संघीय लोकतान्त्रिक गणतन्त्रकालमा पुग्दा हिजोको स्थानीय निकायको ठाउँमा 'स्थानीय सरकार' बुझ्न थालियो, जुन स्थानीय मामलाका सवालहरू ऐन, नियम, कार्यक्रम बनाउन वा लागू गर्न संवैधानिक रूपमा नै स्वाधीन छ । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधानको भाग- ५ मा 'राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट,' दिएको छ भने धारा- ५६ मा 'राज्यको संरचना,' दिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचनामा- संघ, प्रदेश र स्थानीय श्री टायर (तीन पत्र) दिएको छ । फरक के भने हिजो पञ्चायतकालमा सिंहदरबारले गाउँनगर्जिल्ला पञ्चायत विघटन गर्ने गर्दथ्यो । तर, आज संघीय सरकारले चाहँदैमा प्रदेश वा गाउँनगर पालिका विघटन वा गठन गर्न सक्दैन । संवैधानिक अभिभारा नपुऱ्याई हुन्न ।

संविधानमा 'स्थानीय सरकार,' पदावली छैन । तर गजबको कुरो, ऐनको नाउँ नै स्थानीय सरकार, 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४,' छ । एकात्मक संरचनाको निकाय, वा तहभन्दा संघीय सरकारको तात्त्विक भिन्नता भनेको आजको संरचना, संविधानमा राज्यको संरचना भनेर स्थानीय तह, निकायभन्दा पनि स्थानीय सरकार भन्नु नै उपयुक्त हुन्छ हाम्रो शासकीय स्वरुप संसदीय भने पनि त्यो मिश्रित-संसदीय र राष्ट्रपतीय (अध्यक्षात्मक) मिसिएको छ । दुइटा कारणले मिश्रित बनेको हो । पहिलो, सरकारको गठन संघीय संसदको आमनिर्वाचनमा सबैभन्दा बढी मत ल्याउने र समानुपातिकबाट निर्वाचित गरी प्रतिनिधिसभामा बहुमत प्रतिनिधि हुनासाथ सरकार बनाउन सम्बन्धित दलको अध्यक्षले पाउँछ ।

त्यसपछि प्रधानमन्त्रीले प्राप्त गरेको बहुमत कुनै पनि बखत तल-माथि हुनासाथ अर्को वा प्रतिपक्षले अविश्वासको प्रस्ताव पेस गरी आफ्नो पक्षमा बहुमत सदस्यहरू रहेको विश्वास राष्ट्रपतिलाई दिलाउनासाथ प्रधानमन्त्रीको दाबी गर्न पाउने संसदीय व्यवस्था हो । तर, संसदमा नवनिर्वाचित प्रधानमन्त्रीको विरुद्ध कम्तीमा २ वर्ष कुनै पनि किसिमको अविश्वासको प्रस्ताव पेस गर्न नपाउने संवैधानिक व्यवस्थाले संसदीय व्यवस्था मात्र भएन । दोस्रो, स्थानीय सरकारको गठन बढी मतीय निर्वाचन प्रणालीबाट विजय भएको पालिका अध्यक्षका विरुद्ध उसको कार्यकालभरि कसैले अविश्वासको प्रस्ताव राख्ने व्यवस्था नै नभएकाले त्यो पूर्णतः अध्यक्षात्मक प्रणालीको छ ।

नेपालको संविधान २०७२ सालमा जारी भएको हो करिब १० वर्ष नेपालको संविधान २०७२ को उमेर पुगिसक्यो । संविधान संशोधनको कुरो अधिल्लोपटक नेपाली कांग्रेस र नेकपा (एमाले)ले गठबन्धनको सरकार बनाउँदा नै साझा सहमतिको प्रमुख बुँदा थियो तर कार्यान्वयन गरेनन् । गएको २१ फागुनबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संविधान संशोधनसँग सम्बन्धित विभिन्न विषयहरू उठाएको थियो । तिनमा- प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री वा कार्यकारी प्रमुख हुनुपर्ने, संसदमा सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न पूर्ण समानुपातिक प्रणाली हुनुपर्ने, सांसद मन्त्री नहुने व्यवस्था, गैर-दलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरुप हुने ।

स्थानीय सरकारले पूर्ण रूपमा २२ वटा अधिकार क्षेत्र कार्यान्वयन गर्न सकेको भए, एकात्मक ढाँचाका काठमाडौंकेन्द्रित पार्टीहरूले केन्द्रबाट लौरी नचलाएको भए अझै धेरै तरक्की गर्न सक्थे ।

केही समयअघि सम्पन्न रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनले तिनै नीतिगत प्रस्तावहरूमा प्रदेश परिमार्जनसहित स्थानीय तहलाई दलविहीन बनाउने, कार्यकारी प्रमुखको व्यवस्था गर्ने आदि प्रस्तावहरू पारित गऱ्यो । यी विभिन्न सन्दर्भमा विशेषतः स्थानीय सरकारको दलविहीन निर्वाचन गर्ने र शासकीय स्वरुपको विषयमा यो आलेखमा चर्चा गरिनेछ ।

सार्वभौमिकताको प्रश्न

राज्य वा राज्यको निकाय भन्नेबित्तिकै शक्तिको कुरो आउँछ । दैविक शक्तिका आधारमा राज्य चलाउने हो वा जनताको संगठित शक्तिले राज्य चलाउने । जस्तो; नेपालमा राजतन्त्र रहुञ्जेल राज्य चलाउने शक्ति राजामा निहित हुन्थ्यो ।

राजाको पनि श्रीपेच र राजदण्डबाट निःसृत सार्वभौम शक्तिबाट जनता शासित हुन्थे । हिन्दु धर्मावलम्बीको आस्था र विश्वासको कुरा भएकाले मान्नेले माने पनि । तर, हिन्दुहरू नै किन नहोऊन्, आजको २१औं शताब्दीको पूर्वार्द्धमा जनता राजाको श्रीपेच वा राजदण्डबाट शासित हुने कुरा भएन । यो द्विविधा हटाउन राजनीतिक आन्दोलनहरू भए, जसले बहुदलीय लोकतन्त्रको प्रस्तावना अघि सार्‍यो । जनताका लागि, जनताद्वारा, जनताको लोकतन्त्रद्वारा शासित हुने विचार लिएर लोकतान्त्रिक शक्तिहरू अगाडि आउनेबित्तिकै राजाको श्रीपेच र राजदण्डबाट शासित हुने कुराको अन्त्य भयो ।

विश्वको इतिहास हेर्दा राज्य अस्तित्वमा आउन पूर्वधार्मिक संघ/संस्थानले राज्य चलाउँथे । फ्रान्सेली राजनीतिक दर्शनशास्त्री जिन बोडिनलाई १६औं शताब्दी मध्ययुगीन समयमा सार्वभौमिकताको विचार कानुन तथा राजनीतिक विचारमा प्रादुर्भाव गराएको क्रेडिट जान्छ । त्यसरी नै थोमस हब्स, अंग्रेज दार्शनिक र राजनीतिक सिद्धान्तकार थिए । बोडिन र हब्सले 'डिभाइन,' (दैविक शक्ति)लाई स्वीकारे पनि 'सोभर्निटी'लाई 'ल' अर्थात् कानुनका रूपमा लिन्थे (क्राजनर, २००१) । बोडिन सन् १५७२ मा फ्रान्समा भएको धार्मिक दंगा-फसादमा मारिए । हब्सले बोडिनको महत्त्वपूर्ण काम लेभियाथान (निरंकुश राज्य) केही समयपछि संसदले चार्ल्स प्रथमको हत्या गरेपछि प्रकाशमा ल्याएका थिए । हब्सले सामाजिक करार (सोसल कन्ट्र्याक्ट)को अवधारणा ल्याए, जसले पूर्ण सार्वभौमिक शक्तिको पक्षमा बहस गर्दथ्यो । राजतन्त्रलाई बिदा गरेर हासिल भएको २०७२ सालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यो, जनतालाई नै सार्वभौम शक्ति (सोभर्निटी) को स्रोत मान्यो । संविधान निर्माण कार्यले राज्यको संरचनाः संघ, प्रदेश र स्थानीय भनेर तीनवटा सरकारहरू खडा गऱ्यो; सँगसँगै भिन्नाभिन्नै राज्यशक्ति (सार्वभौमिकता) विभिन्न अनुसूचीहरूमार्फत उनीहरूबीच बाँड्यो ।

यहाँ हामीले बुझ्नुपर्ने कुरो भनेको हाम्रो हिजोको अविभाजित सार्वभौमिकता (सोभर्निटी) संघ, प्रदेश र स्थानीय सरकारमा पुग्यो । स्थानीय सरकारले पनि सार्वभौमिकताको अपनत्व, अभ्यास र अनुभव गर्न पाउने भयो । किनकि सार्वभौमिक शक्तिको स्रोत नै जनता भए र ती जनता स्थानीय गाउँठाउँ, शहरबजारमा नै छन् । उनीहरू जोसुकै किन नहोऊन् ।

जोखिमलाई बेवास्ता गर्दै निर्माण कार्य

❐ **काँक्रेविहार संवाददाता**

कालीकोट, १२ साउन

जिल्लाको खाँडाचक्र नगरपालिकाले सदरमुकाम मान्मबजारमा निर्माण गरिरहेको नयाँ प्रशासनिक भवनको काम रोक्न भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्सालले दिएको निर्देशनपछि पनि निर्माण कार्य जारी राखेको छ । भवन निर्माणका क्रममा सडक भासिएर स्थानीयका घर तथा मुख्य सडक जोखिममा परेपछि मन्त्रीले तत्काल निर्माण रोक्न निर्देशन दिएका थिए । भवनको जग खन्ने क्रममा सडकको केही भाग भासिएको र त्यसले आसपासका घर तथा संरचनामा जोखिम बढाएको स्थानीयको भनाइ छ । जोखिम बढ्दै गएपछि सडक डिभिजन कार्यालय जुम्लाले पनि उक्त स्थान प्रशासनिक भवन निर्माणका लागि उपयुक्त नभएको निष्कर्षसहित नगरपालिकालाई दुई पटक लिखित रूपमा निर्माण कार्य रोक्न आग्रह गरिसकेको छ ।

गत साता कालीकोट अनुगमनका क्रममा मन्त्री लम्सालले निर्माण कार्य तत्काल रोक्न र सडक मर्मतलाई प्राथमिकता दिन निर्देशन दिएका थिए । उनले हाल नगरपालिका सञ्चालन भइरहेको सङ्घीय सरकार अन्तर्गतको सुविधासम्पन्न पाँचतले भवनलाई मन्त्रिपरिषद्को निर्णयमार्फत नगरपालिकालाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइने जानकारी दिएका थिए । त्यसैले नयाँ भवन निर्माणको आवश्यकता नरहेको उनको भनाइ थियो । यद्यपि नगरपालिकाले मन्त्री तथा प्राविधिक निकायको सुझावलाई कार्यान्वयन नगरी निर्माणलाई निरन्तरता दिएको छ । नगरप्रमुख कमलबहादुर शाहीले भवन निर्माण रोक्ने विषयमा आन्तरिक छलफल भइरहेको बताए । उनले स्थानीय सरकार आफ्नो अधिकार क्षेत्रभित्र रहेर निर्णय गर्न सक्षम रहेको उल्लेख गर्दै निर्माण रोक्ने वा नरोक्ने विषय कानुनी प्रक्रियाअनुसार टुंगिने बताए । प्रमुख जिल्ला अधिकारी झविलाल भट्टराईले मन्त्रीको मौखिक निर्देशनभन्दा लिखित आदेश आए निर्माण रोक्न सहज हुने बताए । उनका अनुसार भवन निर्माण भइरहेको स्थान जोखिमयुक्त भए पनि ठेक्का सम्झौता तत्काल रद्द गर्न कानुनी जटिलता रहेको छ । उता, केही स्थानीय घरधनी तथा व्यापारीले भने नगरपालिका सोही स्थानमा सञ्चालन भए व्यापार व्यवसाय विस्तार हुने र घरभाडा बढ्ने अपेक्षासहित भवन निर्माण जारी राख्नुपर्ने धारणा राखेका छन् । तर प्राविधिकहरूले भने भौगर्भिक जोखिमलाई बेवास्ता गरेर निर्माण अघि बढाउँदा भविष्यमा ठूलो क्षति हुन सक्ने चेतावनी दिएका छन् ।

सुत्केरी...

सुविधा छ भने बाँकी बिदा सुत्केरीपछि मात्रै लिन पाइन्छ । यसका साथै भारतको कानुनले रोजगारदाता र कर्मचारीको सहमतिअनुसार वर्क फर्म होम अर्थात् घरबाटै काम गर्ने सुविधा दिन सक्ने व्यवस्थासमेत गरेको छ ।

यस्तै बंगलादेशको श्रम ऐनले पनि महिला कर्मचारीलाई १६ हप्ताको तलबी बिदाको व्यवस्था गरेको छ । यो बिदा महिला कर्मचारीले सुत्केरी हुनुअघि ८ हप्तासम्म लिन पाउँछन् भने बाँकी ८ हप्ता भने प्रसुति भएपछि मात्रै लिन पाइन्छ । युरोपेली देशहरूमा स्वीडेनलाई उदाहरणको रूपमा लिने गरिन्छ । स्वीडेनले झण्डै ४८० दिनसम्म अभिभावकलाई तलबी बिदा दिने गरेको छ । यो बिदा आमा र बुबाले बाँडेर लिन पनि सक्छन् ।

नर्वेले पनि ४९ हप्तासम्म पूर्ण तलबसहितको प्रसुति बिदा उपलब्ध गराउँदै आएको छ । यसपछि ५९ हप्तासम्म करिब ८० प्रतिशत तलबसहितको बिदा दिने गरेको छ । जापानमा महिलाले बच्चा जन्मनुअघि ६ हप्तासम्म र बच्चा जन्मिएपछि ८ हप्तासम्मको प्रसुति बिदा पाउँछन् ।

बच्चा जन्मिएपछि आमा वा बुबाले बच्चा १ वर्षको नहुँदासम्म बच्चा हेरचाह बिदा लिन पाउने व्यवस्था रहेको छ भने डे केयरमा ठाउँ नपाएमा बच्चा हेरचाहका लागि जापानले २ वर्षसम्म अभिभावकलाई तलबी बिदा दिने गरेको छ ।

मंगलबहादुर...

प्रावधानअनुसार प्रदेश प्रमुखले शाहीलाई सरकार गठनको जिम्मेवारी दिएका हुन् । यसअघि नेकपा एमालेका नेता यामलाल कँडेल नेतृत्वको सरकार रहेको थियो । उनले गत शनिबार पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुखले संविधानबमोजिम बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मंगलबार साँझ ५ बजेसम्म सरकार गठनको दाबी पेस गर्न आह्वान गरेका थिए ।

तोकिएको समयसीमाभित्र शाहीले बहुमत सांसदको समर्थनसहित दाबी दर्ता गराएपछि नयाँ सरकार गठनको संवैधानिक प्रक्रिया पूरा भएको हो । कँडेलको राजीनामासँगै केही दिन कर्णाली सरकार नेतृत्वविहीन बनेको थियो । त्यसपछि केन्द्रमा भएको सत्ता समीकरणअनुसार प्रदेश सरकारको नेतृत्व नेकपालाई दिने सहमति भएपछि शाहीलाई मुख्यमन्त्री बनाउने प्रक्रिया अघि बढाइएको हो ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

मुआब्जा विवादले काठेपुल बन्द



काँक्रेविहार संवाददाता

जुम्ला, १२ साउन

जिल्लाको पातारासी गाउँपालिका चार लुमगाउँस्थित काठेपुल मुआब्जा विवादका कारण बन्द भएपछि आसपासका आठभन्दा बढी गाउँका स्थानीयको दैनिक जीवन प्रभावित भएको छ।

पुल बन्द हुँदा चौरगाउँ, छुम, तल्फी, माथाचौर, पेरे, धोपीगाड, गडीगाउँ र हुरिमहरी लगायतका बस्तीका बासिन्दा आवतजावतमा सास्ती खेप्न बाध्य भएका छन्। स्थानीयका अनुसार पुल छ दिनदेखि बन्द रहेकाले सदरमुकाम तथा अन्य गन्तव्यमा पुग्न कठिन भएको छ। विद्यालय जाने विद्यार्थी, स्वास्थ्य उपचारका लागि अस्पताल जानुपर्ने बिरामी, सुत्केरी महिला तथा खाद्यान्न र दैनिक उपभोग्य सामग्री ढुवानीमा समेत समस्या उत्पन्न भएको छ।

पुल बन्द भएसँगै सवारीसाधन सञ्चालन पूर्ण रूपमा प्रभावित भएको छ भने पैदल यात्रुहरू वैकल्पिक बाटो प्रयोग गर्न बाध्य भएका छन्। उक्त स्थानमा रहेको काठेपुलको सट्टा पक्की पुल निर्माण गर्ने प्रारम्भिक योजना बनेको थियो।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भए पनि प्राविधिक अध्ययनपछि हालको स्थानभन्दा केही तल पुल निर्माण उपयुक्त हुने निष्कर्ष निकालिएको थियो। त्यसअनुसार नयाँ स्थानमा पक्की पुल निर्माणको काम अघि बढाइएको छ।

पक्की पुल निर्माण हुने क्षेत्रमा जग्गा परेका ११ जना स्थानीयलाई मुआब्जा उपलब्ध गराउने सहमति भए पनि हालसम्म रकम भुक्तानी नभएकाले उनीहरूले विरोधस्वरूप पुरानो काठेपुल बन्द गरेका हुन्। करिब १८ लाख रुपैयाँ मुआब्जा अझै भुक्तानी हुन बाँकी रहेको जनाइएको छ। पातारासी गाउँपालिकाका अध्यक्ष पूर्णसिंह बोहोराले मुआब्जा उपलब्ध गराउने दायित्वबाट गाउँपालिका पछि नहट्ने स्पष्ट पार्दै आवश्यक रकम व्यवस्थापनका लागि पहल भइरहेको बताए। उनका अनुसार गाउँपालिकाका वडा नं. एक, दुई र तिनको सहमतिमा रकम व्यवस्थापन गर्ने निर्णय भइसकेको छ भने स्थानीय जनप्रतिनिधिले पनि आवश्यक बजेट जुटाउने प्रतिबद्धता जनाएका छन्।

बन्द गरिएको काठेपुल पुनः सञ्चालनमा ल्याउन सम्बन्धित पक्षसँग छलफल भइरहेको उनले जानकारी दिए। अध्यक्ष बोहोराले व्यक्तिगत माग वा असन्तुष्टि समाधान गर्ने नाममा सार्वजनिक आवतजावत अवरुद्ध गर्नु उचित नहुने धारणा व्यक्त गरे।

स्थानीयवासी श्रीराम थापाले मुआब्जा विवाद समाधान हुनुपर्नेमा जोड दिँदै त्यसको असर सर्वसाधारणमाथि पर्न नहुने बताए। उनका अनुसार पुल बन्द हुँदा बिरामी, सुत्केरी महिला तथा विद्यार्थी सबैभन्दा बढी समस्यामा परेका छन्। साथै खाद्यान्न, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तुको ढुवानीसमेत प्रभावित भएको छ।

मुआब्जा नपाएको अवस्थामा सम्बन्धित निकायसँग कानुनी प्रक्रिया अपनाएर दबाब दिन सकिने भए पनि सार्वजनिक पुल बन्द गर्नु उचित विकल्प नभएको उनको भनाई छ ।

बालविवाह रोक्न १२ बुँदे प्रतिबद्धता

काँक्रेविहार संवाददाता

डोल्पा, १२ साउन

जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकामा बालविवाह रोकथाम तथा न्यूनीकरणलाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरूले १२ बुँदे प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन्।

बालविवाहविरुद्ध साझा अभियानलाई थप सशक्त बनाउने उद्देश्यले आयोजित गोष्ठीपछि सहभागीहरूले सामूहिक प्रतिबद्धता जनाएका हुन्।



नगरप्रमुख जनचन्द्र रोकायाको अध्यक्षता तथा प्रमुख प्रशासकीय अधिकृत राजु कुँवरको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा नं. एक र दुईका जनप्रतिनिधि, माध्यमिक विद्यालयका शिक्षक, बालक्लब तथा किशोरी क्लबका प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, धामी-झाँक्री, कार्यपालिका सदस्य, मानवअधिकार रक्षक सञ्जालका प्रतिनिधिलगायत ३६ जनाको सहभागिता रहेको थियो।

गोष्ठीमा बालविवाहका सामाजिक, शैक्षिक तथा स्वास्थ्यसम्बन्धी असर, यसका कारण र रोकथामका प्रभावकारी उपायबारे विस्तृत छलफल गरिएको थियो।

सहभागीहरूले बालविवाहले किशोर-किशोरीको शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था र भविष्यमा नकारात्मक प्रभाव पार्ने भएकाले यसको अन्त्यका लागि समुदायस्तरबाटै सचेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यक्रमको सहजीकरण मानव अधिकार रक्षक सञ्जालका सदस्य तथा गरिब तथा दलित उत्थान सेवा समिति डोल्पाका कार्यकारी निर्देशक अधिवक्ता रणबहादुर कार्की र प्रमुख प्रशासकीय अधिकृत राजु कुँवरले गरेका थिए। उनीहरूले बालविवाह नियन्त्रणका लागि कानुनी व्यवस्था, स्थानीय तहको भूमिका र समुदायको सक्रिय सहभागिताबारे जानकारी गराएका थिए।

कार्यक्रमको अन्त्यमा सहभागीहरूले बालविवाह रोकथामका लागि तयार गरिएको १२ बुँदे प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्दै आफ्नो क्षेत्रबाट सचेतना अभिवृद्धि, समन्वय र निगरानीलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

सहभागीहरूको तर्फबाट वडा नं. दुईका कार्यवाहक अध्यक्ष रणबहादुर बुढाले बालविवाह अन्त्यका लागि वडास्तरमा जनप्रतिनिधि, विद्यालय, अभिभावक र समुदायबीच समन्वय बढाई प्रभावकारी अभियान सञ्चालन गरिने बताए।

नगरप्रमुख जनचन्द्र रोकायाले नगरपालिकाले बालविवाह रोकथामलाई प्राथमिकतामा राखेर विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै यस अभियानमा सहयोग र सहकार्य गर्ने सामाजिक विकास कार्यालय डोल्पा तथा बालविवाहविरुद्ध साझा अभियान सञ्जाल डोल्पाप्रति आभार व्यक्त गरे। उनले बालविवाहमुक्त समाज निर्माणका लागि सबै पक्षको निरन्तर सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे।

श्रमदान बाटै ३६ वर्ष पुरानो झोलुङ्गे पुल मर्मत

काँक्रेविहार संवाददाता

मुगु, १२ साउन

जिल्लाको सोरु गाउँपालिका नौ कुलह क्षेत्रमा रहेको ३६ वर्ष पुरानो झोलुङ्गे पुल स्थानीयको श्रमदानबाट मर्मत गरी पुनः सञ्चालनमा ल्याइएको छ।

लामो समयदेखि जीर्ण अवस्थामा रहेको पुल मर्मत भएपछि चार वडाका हजारौँ स्थानीयलाई आवतजावतमा सहज भएको छ।

२०४४ सालमा एक विदेशी संस्थाको सहयोगमा निर्माण गरिएको उक्त झोलुङ्गे पुल करिब आठ वर्षदेखि जीर्ण अवस्थामा थियो। पुल बिग्रिएपछि स्थानीयवासीलाई वैकल्पिक बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो।

जसका कारण दैनिक आवतजावत, बजार, स्वास्थ्य संस्था तथा अन्य सेवा लिन जाने स्थानीयले थप समय खर्च गर्नुपर्ने अवस्था थियो।

सम्बन्धित निकायबाट पुल मर्मत वा नयाँ संरचना निर्माणका लागि पर्याप्त पहल नभएपछि स्थानीय तथा युवाहरूको सक्रियतामा



श्रमदानमार्फत पुल सञ्चालनमा ल्याउने प्रयास गरिएको हो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मुगुका भौतिक पूर्वाधार अनुगमन समितिका संयोजक नन्दबहादुर मल्लका अनुसार पुल मर्मतका लागि आवश्यक सामग्री जुटाएर श्रमदान अभियान सञ्चालन गरिएको थियो।

श्रावण नौ गते संयोजक मल्लको जन्मदिनको अवसर पारेर रास्वपा मुगुको टोलीसहित स्थानीयले पुल मर्मत गरेका हुन्। करिब १५ जनाको सहभागितामा झन्डै १० घण्टासम्म गरिएको श्रमदानपछि पुल पुनः प्रयोगयोग्य बनेको जनाइएको छ। पुल सञ्चालनमा आएपछि सोरु गाउँपालिकाका चार वडाका बासिन्दालाई आवतजावत गर्न सहज भएको छ।

श्रमदानमा सहभागी विजयप्रताप मल्लका अनुसार पुल मर्मतपछि स्थानीयलाई बजार, सरकारी सेवा तथा अन्य आवश्यक कामका लागि आवतजावत गर्न लाग्ने समय घटेको छ। लामो समयदेखि समस्या भोगिरहेका स्थानीयलाई यसबाट ठूलो राहत मिलेको उनले बताए।

पुल मर्मत अभियानमा रास्वपा मुगुका जिल्ला सभापति बिर्खबहादुर मल्ल, सोरु गाउँपालिका सभापति धर्मबहादुर मल्ल, पूर्व जिल्ला सभापति राजेन्द्र शाही, जिल्ला कार्यसमिति सदस्य विजय शाही, दीपकराज कार्की, उपसंयोजक विजयप्रताप मल्ल, सहसचिव तथा संगठन विभाग प्रमुख समाज हमाललगायत स्थानीयवासी र युवाहरूको सहभागिता रहेको थियो।

यारी भन्सारको राजस्व लक्ष्यभन्दा तीन गुणा बढी

काँक्रेविहार संवाददाता

हुम्ला, १२ साउन

नेपाल-चीन सीमा क्षेत्रमा रहेको यारी भन्सार कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा निर्धारण गरिएको लक्ष्यभन्दा तीन गुणाभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको छ।

सीमित व्यापारिक गतिविधि हुने यो नाकाबाट अपेक्षाभन्दा बढी राजस्व उठेपछि कार्यालयले उल्लेखनीय उपलब्धि हासिल गरेको जनाएको छ। यारी भन्सार कार्यालयका प्रमुख रामराज जैसीका अनुसार भन्सार विभागले गत आर्थिक वर्षका लागि कार्यालयलाई छ लाख छ हजार पाँच सय ८० रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य दिएको थियो। तर कार्यालयले लक्ष्यलाई धेरै माथि उकास्दै २० लाख दुई हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ। यो लक्ष्यको तीन गुणाभन्दा बढी रहेको उनले जानकारी दिए।

उनका अनुसार हिल्सा-यारी नाकामा भन्सार कार्यालय स्थापना भएयता एकै आर्थिक वर्षमा सङ्कलन भएको यो सबैभन्दा बढी राजस्व हो। व्यापारिक गतिविधि सीमित भए पनि निर्माण सामग्रीको आयात बढेकाले राजस्व सङ्कलनमा उल्लेखनीय वृद्धि भएको कार्यालयको भनाइ छ।

गत आर्थिक वर्षमा चीनको ताक्लाकोटबाट हुम्लाका लागि आवश्यक निर्माण सामग्री, विशेषगरी सिमेन्ट र छड ठूलो परिमाणमा आयात गरिएको थियो। त्यसबाहेक दूध, चिया, जुस, जुत्ता, पीभीसी ब्ल्याङ्केट, लत्ताकपडा, खेलौना तथा अन्य दैनिक उपभोग्य सामग्रीसमेत यही नाकाबाट भित्रिएका थिए। यी वस्तुको आयात बढेसँगै भन्सार राजस्वमा पनि उल्लेख्य वृद्धि भएको कार्यालयले जनाएको छ।

यारी नाका मुख्य रूपमा हुम्लाका लागि चीनबाट आयात हुने सामानको प्रवेशद्वारका रूपमा प्रयोग हुँदै आएको छ। सडक पहुँच क्रमशः सहज बन्दै जाँदा निर्माण सामग्री र उपभोग्य वस्तुको आयात बढिरहेको कार्यालयको भनाइ छ।

यसले आगामी वर्षहरूमा पनि राजस्व सङ्कलन थप वृद्धि हुने अपेक्षा गरिएको छ। यसअघि आर्थिक वर्ष २०८१/०८२ मा भन्सार विभागले ८३ हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य निर्धारण गरेको थियो। त्यस वर्ष कार्यालयले लक्ष्यभन्दा धेरै बढी अर्थात् छ लाख ५४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

ग्यास लिन रातिदेखि लाइनमा बस्न बाध्य उपभोक्ता



काँक्रेविहार संवाददाता
सुर्खेत, १२ साउन

वीरेन्द्रनगरमा खाना पकाउने एलपी ग्यास लिन उपभोक्ताको लामो भीड लाग्न थालेको छ। पछिल्लो एक सातादेखि ग्यास डिलरमा उपभोक्ता राति दुई बजेदेखि खाली सिलिन्डर लिएर लाइनमा बस्न बाध्य भएका छन्।

कतिपयले एक-दुई दिनसम्म कुर्दा मात्रै ग्यास सिलिन्डर पाउने गरेका छन्। स्थानीयका अनुसार विगतमा सहज रूपमा पाइने ग्यास अहिले लामो प्रतीक्षापछि मात्र उपलब्ध हुन थालेको छ।

सहरी क्षेत्रमा खाना पकाउने प्रमुख माध्यम नै एलपी ग्यास भएकाले यसको अभाव हुँदा सर्वसाधारणको दैनिक जीवन प्रभावित भएको छ। ग्रामीण क्षेत्रमा दाउरा तथा अन्य वैकल्पिक इन्धनको प्रयोग भए पनि सहरी क्षेत्रमा त्यस्ता विकल्प सहज उपलब्ध छैनन्।

वीरेन्द्रनगर नगरपालिका नौ की भविका चौधरीले चार दिनसम्म लाइनमा बसेपछि बल्ल ग्यास पाएको बताइन्। ग्यास नहुँदा चाउचाउ, बिस्कुट र चिउराको भरमा गुजारा चलाउनुपरेको उनको भनाइ छ। उनले लामो समयपछि ग्यास पाएपछि ठूलो राहत महसुस भएको बताइन्। उनीजस्तै धेरै उपभोक्ताले ग्यास अभावका कारण समस्या भोगिरहेका छन्।

विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सहज पहुँच नभएका नागरिक बढी प्रभावित भएका छन्। पहुँच हुनेहरूले अन्य माध्यमबाट ग्यास व्यवस्थापन गरे पनि कमजोर वर्गका उपभोक्ताले बढी सास्ती खेप्नुपरेको स्थानीयको भनाइ छ।

वीरेन्द्रनगर नौका तीर्थबहादुर थापाले आइतबार बिहानदेखि ग्यास लिन लाइनमा बसे पनि पालो नआएको गुनासो गरे।

उनले रातभर खाली सिलिन्डरको सुरक्षाका लागि समेत अतिरिक्त खर्च गर्नुपर्ने अवस्था रहेको बताए। यता नेपाल आयल निगम सुर्खेतका प्रमुख दीपककुमार घिमिरेले साउन एक गतेदेखि १० गतेसम्म वीरेन्द्रनगरमा १७ हजार एलपी ग्यास सिलिन्डर वितरण भएको जानकारी दिए।

उनका अनुसार सामान्य अवस्थामा मासिक करिब २६ हजार सिलिन्डर खपत हुने गरे पनि पछिल्लो समय माग अस्वाभाविक रूपमा बढेको छ।

घिमिरेले सुर्खेतमा ग्यासको वास्तविक अभाव नभएको दाबी गर्दै केही व्यक्तिले ग्यास संकलन गरी भण्डारण गरेको हुन सक्ने आशंका व्यक्त गरे। उनले बजारमा कृत्रिम अभाव सिर्जना भएको हुनसक्ने भन्दै सम्बन्धित निकायबाट अनुगमन र अनुसन्धान आवश्यक रहेको बताए।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले सबै उपभोक्ताले सहज रूपमा ग्यास पाउने वातावरण बनाउन प्रहरी प्रशासनको निगरानीमा वितरण भइरहेको जानकारी दिए।

उनले ग्यास अभाव देखिनुको कारणबारे अध्ययन भइरहेको बताए।

मानसिक स्वास्थ्यबारे अन्तरक्रिया

काँक्रेविहार संवाददाता
सुर्खेत, १२ साउन



कर्णाली प्रदेशमा मानसिक स्वास्थ्य सेवाको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे केन्द्रित पत्रकार हरूसँग अन्तरक्रिया कार्यक्रम मंगलबार वीरेन्द्रनगरस्थित प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा सम्पन्न भएको छ।

कार्यक्रमको आयोजना स्वास्थ्य सेवा निर्देशनालय, वीरेन्द्रनगर सुर्खेतले गरेको थियो। कार्यक्रमका प्रमुख अतिथि कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका सचिव रोशनी कुमारी श्रेष्ठले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्यको महत्वपूर्ण अंगका रूपमा लिनुपर्ने बताइन्। उनले मानसिक रोगप्रति समाजमा अझै विद्यमान विभेद र गलत धारणाको अन्त्य गर्दै सबै नागरिकले सहज रूपमा मानसिक स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्न आवश्यक रहेको धारणा व्यक्त गरिन्। मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै स्थानीय तहसम्म सेवा विस्तार गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो।

स्वास्थ्य सेवा निर्देशनालयका मनोविद् लक्ष्मी तामाङले कर्णाली प्रदेशमा मानसिक स्वास्थ्य समस्या बढ्दो क्रममा रहेको उल्लेख गर्दै समयमै पहिचान, परामर्श तथा उपचारको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औंल्याइन्। उनले मानसिक स्वास्थ्यसम्बन्धी चेतनाको कमी, विशेषज्ञ जनशक्तिको अभाव तथा सेवाको सीमित पहुँच प्रमुख चुनौतीका रूपमा रहेको बताइन्।

मनोरोग विशेषज्ञ डा. सुशील समदर्शीले मानसिक रोगलाई अन्य रोगसरह सामान्य रूपमा लिनुपर्नेमा जोड दिए। उनले मानसिक स्वास्थ्य समस्या लुकाएर राख्दा अवस्था जटिल बन्ने भएकाले प्रारम्भिक अवस्थामै उपचार र परामर्श लिन आग्रह गरे। मानसिक स्वास्थ्य सेवामा लगानी वृद्धि, दक्ष जनशक्ति उत्पादन तथा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको धारणा थियो।

सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखाका प्रमुख वीर्षबहादुर शाहीले प्रदेश सरकारले मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको जानकारी दिए। उनले सम्बन्धित निकायबीच समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए।

स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक रविन खड्काले मानसिक स्वास्थ्य सेवा विस्तार तथा गुणस्तर सुधारका लागि निर्देशनालयले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए। उनले सेवा पहुँच अभिवृद्धि, जनचेतना विस्तार तथा स्वास्थ्यकर्मीको क्षमता विकासलाई प्राथमिकता दिइएको बताए।

कार्यक्रममा सहभागी पत्रकार नन्दराम जैसीले मानसिक स्वास्थ्यका विषयलाई सञ्चारमाध्यमले अझ प्राथमिकताका साथ उठान गर्नुपर्ने धारणा व्यक्त गरे। उनले मानसिक रोगप्रति समाजमा रहेका भ्रम र विभेद हटाउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै तथ्यपरक र जनचेतनामूलक सामग्री प्रकाशन तथा प्रसारणमा जोड दिनुपर्ने बताए।

अन्तरक्रिया कार्यक्रममा मानसिक स्वास्थ्य सेवाको विद्यमान अवस्था, चुनौती तथा समाधानका उपायबारे सहभागीहरूबीच खुला छलफल भएको थियो। कार्यक्रमका वक्ताहरूले मानसिक स्वास्थ्यलाई जनस्वास्थ्यको प्रमुख मुद्दाका रूपमा स्थापित गर्दै सरकार, स्वास्थ्य संस्था, सञ्चारमाध्यम तथा समुदायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको निष्कर्ष व्यक्त गरेका थिए।

कर्णालीको शिक्षा योजना समावेशी र गुणस्तरिय बनाउन जोड

काँक्रेविहार संवाददाता
सुर्खेत, १२ साउन

कर्णाली प्रदेशको शिक्षा योजना समावेशी, गुणस्तरिय र पहुँचयोग्य बनाउन सरोकारवालाहरुले जोड दिएका छन्। मङ्गलबार प्रदेश शिक्षा योजना निर्माण सम्बन्धी सुर्खेतमा भएको कार्यशालामा सहभागी सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार संस्थाका प्रतिनिधिहरु, सञ्चारकर्मीहरुले कर्णालीको समावेशी शिक्षाको लागि जोड दिएका हुन्।

युरोपियन युनियनको सहयोगमा पिपुल इन निड, एकाउन्टबिलिटी ल्याब नेपाल, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल र नेपाल अपाङ्ग महिला संघको साझेदारीमा सञ्चालित एक्सेस परियोजनाले कार्यशालाको आयोजना गरेको हो। कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव रोशनी कुमारी श्रेष्ठले प्रदेश सरकार शिक्षा योजना निर्माणको अन्तिम तयारीमा रहेको बताए। उनले कर्णाली प्रदेशको शिक्षा योजना समावेशी, गुणस्तरिय र पहुँचयोग्य बनाउन सरोकारवालाहरुले दिएको सुझाव ग्रहण गर्दै योजनामा समावेश गर्ने प्रतिबद्धता समेत जनाए।

कार्यक्रममा सबैको लागि शिक्षाको लागि समाज, विद्यालय, स्थानीय सरकार, प्रदेश सरकार र साझेदार निकायले निर्वाह गर्नुपर्ने भूमिकाको विषयमा समेत छलफल गरिएको छ। कार्यक्रममा सचिव श्रेष्ठले समावेशी, न्योयाचित र गुणस्तरिय शिक्षाका लागि एउटा व्यक्ति वा निकायको पहलकदमी मात्रै सम्भव नहुने उल्लेख गरे।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/१३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री प्रतिक के.सी**. धनी रहेको, **दर्ता नम्बर** ९९६१/०७९/०८० बाट **वीरेन्द्रनगर-१० सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **खत्री कृषि तथा पशुपंक्षी पालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)